# मर्चवारी गाँउपालिकाको उपभोक्ता समिति सञ्चालन निर्देशिका, २०७४

स्थानीय स्तरको विकास निर्माण कार्यमा सम्बन्धित लाभकर्ता उपभोक्ताहरुलाई सहभागी गराउँदै सहभागितामूलक विकास निर्माण प्रकृयाको स्थापनाको लागि विकास आयोजनाहरुको छनौट, तर्जुमा, कार्यान्वयन, सञ्चालन, अनुगमन तथा मुल्याङ्कन उपभोक्ताहरु आफैले गरुन र योजनाप्रति स्थानीय समुदायको अपनत्व तथा स्वामित्व महशुस हुन गई योजनाको दीगोपनका लागि आवश्यक मर्मत संभार तथा हेरचाह जस्ता क्रियाकलापहरु स्थानीय स्तरबाटै हुन सकोस् भन्ने नीति अनुरुप उपभोक्ता समितिबाट योजना सञ्चालन गर्ने प्रक्रियालाई सरल र व्यवस्थित एवं काम कारवाही पारदर्शी तुल्याउन यो उपभोक्ता समिति निर्देशिका तयार गरिएको हो । यसले योजना कार्यान्वयन प्रकृयामा सरलता, आर्थिक क्रियाकलापमा पारदर्शिता र स्थानीय उपभोक्तालाई जिम्मेवारी बोध गराउनका साथै जनसहभागिता परिचालनमा सघाउ पुग्ने जाने विश्वास रहेको छ ।
स्थानीय स्वायत्त शासनका सिद्धान्त तथा नीतिहरूलाई मूर्तरूप दिने प्रयोजनका लागि गाँउपालिकाबाट जनतालाई विशेषगरी महिला, दलित, आदिवासी/जनजाति, मधेशी, मुस्लिम, पिछडावर्ग एवं सामाजिक, आर्थिक रूपले पछाडि परेका वर्ग र समुदायहरूलाई पुऱ्याउँदै आएको सेवा सुविधालाई अझै व्यवस्थित, पारदर्शी, जनउत्तरदायी र समावेशी बनाई स्थानीयस्तरबाट सम्पादन गरिने विकास निर्माणका कार्यहरू र सेवाप्रवाहमा सबै नागरिकको पहुँच सुनिश्चित गरी विकेन्द्रित दिगो विकासको अवधारणालाई संस्थागत गर्ने प्रयोजनका लागि स्थानीय स्वायत्त शासन नियमावलीको नियम २७६ ले दिएको अधिकार प्रयोग गरी यो **मर्चवारी गाँउपालिकाको उपभोक्ता समिति सञ्चालन निर्देशिका २०७४** तर्जुमा गरी लागू गरिएको छ ।

**१) संक्षिप्त नाम र प्रारम्भः**

(१) यस निर्देशिकाको नाम **"मर्चवारीगाँउपालिका उपभोक्ता समिति सञ्चालन निर्देशिका २०७४"** रहेको छ ।

(२) यो निर्देशिका नगरपरिषद्ले स्वीकृत गरेको मितिदेखि प्रारम्भ हुनेछ ।

**२) परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामा

(१) "ऐन" भन्नाले स्थानीय स्वायत्त शासन ऐन, २०५५ लाई जनाउँछ ।

(२) "नियमावली " भन्नाले स्थानीय स्वायत्त शासन नियमावली, २०५६ लाई जनाउँछ ।

(३) "आर्थिक प्रशासन नियमावली" भन्नाले स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ लाई जनाउँछ ।

(४) "उपभोक्ता समिति" भन्नाले आयोजनाबाट प्रत्यक्ष लाभ पाउने व्यक्तिहरूको समूहले कुनै आयोजना निर्माण, सञ्चालन, व्यवस्थापन र मर्मत सम्भार गर्नको लागि आफूहरू मध्येबाट गठन गरेको समितिलाई जनाउँछ ।

केशव नन्द वनिया
गाउँपालिका अध्यक्ष